नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाण्डौ, नेपाल

# प्रेस विज्ञप्ति

यही १ मे २०२५ को बेलुका भारतको उडिसा राज्यस्थित Kalinga Institute of Industrial Technology (KIIT) मा अध्ययनरत् नेपाली विद्यार्थी प्रिशा साहको मृत्यु भएकोमा गहिरो दु:ख व्यक्त गर्दै मृतकको आत्माको चिर शान्तिको कामना तथा शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

यस दु:खद घटनाको सम्बन्धमा स्वतन्त्र एवम् निष्पक्ष अनुसन्धान हुन तथा उक्त शैक्षिक संस्थामा अध्ययनरत् सम्पूर्ण नेपाली विद्यार्थीहरूको सुरक्षाको प्रत्याभूतिको लागि यस मन्त्रालयले आवश्यक समन्वय गरिरहेको छ। साथै, यस घटनाका सम्बन्धमा नेपाली राजदूतावास, नयाँ दिल्लीले भारतको विदेश मन्त्रालय, उडिसा सरकारका सम्बन्धित निकायहरू, उक्त शैक्षिक संस्थाका प्रतिनिधिहरू लगायत अन्य सरोकारवाला निकायहरूसँग निरन्तर सम्पर्क एवम् समन्वय गरिरहेको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१९ वैशाख २०८२